# मरिण गाउँपालिका

## मरिण गाउँकार्यपालिकाको कार्यालय

## ३ नं. प्रदेश, कपिलाकोट सिन्धुली

# सिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना

**(सूचना प्रकाशित मिति :- २०७५/१२/२३)**

**यस मरिण गाउँपालिका बाट तपसिल अनुसारको निर्माण कार्यहरु ठेक्का पट्टाबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।**

१. सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र यस कार्यालयमा पछि फिर्ता नहुने गरी तपसिलमा उल्लेख भए अनुसारको दस्तुर बुझाई लिखित निवेदनका साथ आ.व. ०७५/०७६ को लागि नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. ०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रहरु (गाउपालिकाको नियमानुसारको व्यवसाय कर समेत) का प्रमाणित प्रतिलिपि पेश गरी कार्यालय समयभित्र यस कार्यालयबाट सम्बन्धित निर्माण व्यवसायी वा अधिकार प्राप्त प्रतिनिधिले बोलपत्र खरिद गर्न सक्नेछ ।

२. खरिद भएको बोलपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रष्टसंग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दि गरी खाम बाहिर फर्मको नाम र बोलपत्र नं. प्रस्टसंग लेखी बोलपत्र खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । यसरी दर्ता भएको बोलपत्रहरु सोही दिन दिनको १:०० बजे उपस्थित निर्माण व्यवसायीहरु र सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । निर्माण व्यवसायीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधापर्नेछैन ।

३. बोलपत्र सर्त रहित हुनुको साथै दररेट महलमा अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४. बोलपत्र साथ जमानतवापत उल्लेख भए अनुसारको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक सिन्धुली स्थित च.हि.नं. **१०६०३०३००७१०४** धरौटी खाता मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा घटिमा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट ९० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बिडवण्ड अनिवार्य रुपले पेश गर्नु पर्ने छ । नगद जमानत (ठेक्का स्वीकृत हुनेमा) पछि बैंक ग्यारेण्टीमा परिवर्तन गर्न पाइने छैन ।

५. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा उक्त कार्यहरु क्रमशः कार्यालय खुलेको दिन सोही समयअनुसार गरिनेछ ।

६. म्याद भित्र दर्ता नभएका तथा रीत नपुगेका बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन ।

७. नेपाल सरकार तथा यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने तथा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. प्रस्तावित कार्यको लागि आवश्यक पर्ने अनुभव खुल्ने कागजात बोलपत्र साथ संलग्न राखि पेश गर्नुपर्नेछ ।

९. यस सूचनामा केही संशोधन गर्नुपरेमा कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ । बोलपत्र सम्बन्धी थप जानकारी चाहिएमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०. एक निर्माण व्यवसायीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मबाट दाखिला गर्न पाइनेछैन ।

११. बोलपत्र दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि करबाहेकको मूल्य उल्लेख गर्नुपर्नेछ ।

१२. बोलपत्रदाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिने छ ।

१३. यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ र स्थानिय निकाय आ. प्र. नियामावली २०६४ तथा अन्य प्रचलित ऐन, नियम, कानुन अनुसार हुनेछ ।

| क्र.स. | बोलपत्र नं. | कामको विवरण | लागत इस्टिमेट (मु.अ. कर र ओभरहेड सहित) रु | बोलपत्र दस्तुर रु | बोलपत्र वापत जमानत रकम रु | बोलपत्र खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १ | ४/२०७५/०७६ | मधुवनी कालीदोभान मोटरबाटो | ५००००००/- | ३०००/- | १२५०००/- | २०७६/०१/२२ |
| २ | ५/२०७५/०७६ | विशालकुमार स्मृती मेमोरियल प्रतिष्ठान | ३८४००००/- | ३०००/- | ९६०००/- | २०७६/०१/२२ |

**कार्यकारी अधिकृत**